श्री ५ को सरकार

फोन :
फ्याक्स :

# प्रधानमन्त्रीको कार्यालय
# शान्तिवार्ता समन्वय सचिवालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं.:

मिति २०६० श्रावण ९

विषय : तेस्रो चरणको वार्ता अविलम्ब शुरु गर्न पुन: आग्रह गरिएको बारे ।

श्री संयोजकज्यू,
वार्ता टोलि, नेकपा(माओवादी)।
मार्फत : सहजकर्ताहरु

नेकपा (माओवादी)का तर्फबाट "तेस्रो चरणको वार्ताका पूर्वाधारहरु बारे" उल्लेख गरिएको मिति २०६० साल श्रावण ७ गते प्रेषित पत्र प्राप्त भै व्यहोरा अवगत भयो । सो पत्रमा उल्लेखित विषयहरुका सम्वन्धमा श्री ५ को सरकारको धारणा देहाय बमोजिम रहेको छ :

१. नेकपा (माओवादी)द्वारा प्रस्तुत माग र प्रस्तावहरुको समाधान शान्तिपूर्ण वार्ताको माध्यमबाट खोज्न सकिन्छ भन्ने मान्यता प्रति श्री ५ को सरकार दृढ रहेको छ । सोही मान्यता अनुरुप श्री ५ को सरकार र नेकपा (माओवादी) बीचमा २०५९ साल माघ १५ गते भएको युद्ध विराम तथा युद्ध विरामलाई व्यवस्थित गर्न तयार पारिएको आचार संहिता प्रति श्री ५ को सरकार मन बचन र कर्मले प्रतिबद्ध रहँदै आएको छ र सदा रहिरहने छ ।

२. श्री ५ को सरकार र सरकार अन्तर्गत रहेको शाही नेपाली सेनाले आचार संहिताको उल्लंघन गऱ्यो भन्ने आरोपमा कुनै सत्यता छैन । वस्तुत: राज्यले देखाएको संयम एवं आचार संहिताको पालनाको परिणाम स्वरुप नै विगत ६ महिनाको अवधिमा एकाध अपवादलाई छोड्ने हो भने कुनै ठूलो दुर्घटना हुन पाएको छैन । युद्ध विरामलाई सार्थक रुपमा कायम राख्न माओवादी पक्षबाट देखाइएको संयम पनि सराहनीय रहेको छ ।

नेकपा(माओवादी) पक्षबाट संचालित सवै प्रकारका गतिविधिहरु देशका विभिन्न भागहरुमा विना कुनै अवरोध निर्विघ्नताका साथ सम्पन्न भैरहनुले पनि श्री ५ को सरकारबाट आचार संहिताको पालना प्रति देखाईएको ईमान्दारितालाई पुष्ठि गर्दछ । बरु माओवादी पक्षबाट आचार संहिताको उल्लघन गर्दै जबरजस्ती चन्दा उठाउने, हतियार संकलन र ओसार पसार गर्ने, जबरजस्ती सैनिक भर्ति र तालिम संचालन गर्ने तथा सार्वजनिक सभाहरुमा हतियार सहित उपस्थित हुने जस्ता घटनाहरु खुले आम र व्यापक रुपले भैरहेका छन । युद्ध विराम पश्चातको अवधिमा माओवादीद्वारा राजनैतिक कार्यकर्ता, सुरक्षा कर्मी एवं सर्वसाधारण गरि २१७ जना भन्दा बढि व्यक्तिहरुको अपहरण गरिएको छ । यसरी माओवादी पक्षबाट आचार

सहिताको दफा नं ३, ९, ११ र १७ को ठाडो उल्लंघन भएको छ। त्यति मात्र होइन, आचार संहिताको दफा १४ र १५ मा कमश: "नागरिकहरुको एक स्थानबाट अर्को स्थानमा स्वतन्त्रता पूर्वक आवत जावत गर्न पाउने अधिकारको हनन दुवै पक्षले नगर्ने", तथा "आम जनताले प्राप्त गरेको मौलिक हकको उपभोग गर्नमा कुनै किसिमको बाधा विरोध नगर्ने" भन्ने प्रष्ट उल्लेख गरिएको भएता पनि सो भावना विपरित राजनैतिक दलहरुका गतिविधिलाई निषेधित गर्ने, राजनैतिक कार्यकर्ता एवं राष्ट्र सेवक कर्मचारीहरुको आवागमनमा अवरोध खडा गर्ने कार्य माओवादी पक्षबाट बारम्बार भैरहेको तथ्य सर्वविदित छ।

उल्लेखित वास्तविकताको बावजुद "संचार माध्यमबाट वार्ता तथा शान्ति प्रकृयालाई प्रतिकुल असर पर्ने खालका अभिव्यक्ति कसैले नगर्ने" भन्ने आचार संहिताको दफा ८ को व्यवस्थाको मर्यादा राखि श्री ५ को सरकारले माओवादी पक्षबाट भएका आचार संहिता उल्लंघनको घटनालाई सार्वजनिक बहसको विषय बनाएको छैन। त्यसरी परिस्थितिलाई जटिल बनाउनु भन्दा पारस्परिक समझदारीको आधारमा आचार संहिता उल्लंघनको छानबिन गरी वार्तालाई सहज ढंगबाट अगाडि बढाउनु उपयुक्त हुने श्री ५ को सरकारको धारणा रहेको छ। यस कममा अनुगमन टोलीलाई यथाशिघ्र कियाशील तुल्याउन माओवादी पक्षबाट श्री ५ को सरकारले सहयोगको अपेक्षा गरेको छ।

३. पहिलो र दोस्रो चरणका वार्ताहरुमा भएका निर्णयहरुलाई श्री ५ को सरकारले कार्यान्वन गर्ने छ। यद्यपि दुवै चरणका वार्ताका बैठकहरुको निर्णय अभिलेख तयार गरी दुवै पक्षको हस्ताक्षर सहित प्रमाणित गर्ने कार्य अद्यापि हुन सकेको छैन। तथापि ती निर्णयहरु कार्यान्वन गर्न सरकार पूर्ण प्रतिबद्ध छ। दुई चरणका वार्ताहरुमा शाही नेपाली सेनालाई पांच कि.मि. मा सीमित गर्ने विषय बाहेक मुलत: छ वटा निर्णयहरु भएको विदितै छ। ती छ वटा निर्णयहरु मध्य तीन निर्णयहरु सरकार र माओवादी दुवै पक्षबाट संयुक्त रुपले कार्यान्वन हुनु पर्ने खालका छन्। माओवादीले चाहेको वेलामा ती निर्णयहरु कार्यान्वन गर्न सरकार तयार छ। श्री ५ को सरकारका तर्फबाट कार्यान्वन हुनुपर्ने तीन निर्णयहरुको कार्यान्वन स्थिति भने देहाय बमोजिम रहेको छ :

निर्णय (क) : ३२२ जना माओवादी कार्यकर्ताहरुको स्थिति सार्वजनिक गर्नु पर्ने,

कार्यान्वन स्थिति : प्राप्त सूची बमोजिमका व्यक्तिहरुको स्थिति अध्ययन र छानबिन गर्ने कार्य भैरहेको छ। यथा संभव चांडो स्थिति सार्वजनिक गरिने छ।

श्री ५ को सरकार
प्रधानमन्त्रीको कार्यालय
शान्तिवार्ता समन्वय सचिवालय
२०६०

निर्णय (ख) : आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय गर्न बनेको ऐन खारेज गर्न गृह कार्य गर्ने,

कार्यान्वन स्थिति : गृह कार्य भै रहेको छ ।
निर्णय (ग) : केन्द्रीय स्तरका तीन बन्दिहहरुलाई रिहा गर्ने,
कार्यान्वन स्थिति : तेस्रो चरणको वार्ताको सुनिश्चिता संगै रिहा गरिने छ ।

४ माओवादी पक्षबाट विगत केही समय यता राजधानी लगायत देशका विभिन्न भागहरुमा चन्दा आतंक तिव्र रुपमा मच्चाईएको सर्वविदित छ । सो कार्यमा अग्रणि भूमिका खेल्ने ज्ञानेन्द्र त्रिपाठी उर्फ संजय शर्मालाई श्री ५ को सरकारले कानुन बमोजिम हिरासतमा लिएको छ । साथै, पकाउ परेका व्यक्तिहरुले चन्दा आतंकको सिलसिलामा भरत ढुंगानाको नाम पोलेको हुंदा सामान्य सोधपुछका लागि निजलाई बोलाईएको हो । सोधपुछ पश्चात उंहा तत्कालै घर फर्किसक्नु भएको छ । यसलाई ठूलो विवादको विषय बनाई रहनु पर्ने कुनै कारण देखिन्न ।

५ नेपाल अधिराज्यको संविधान २०४७, अनुरुप राज्य संचालन भै रहेको तथ्य सर्वविदित छ । संविधानको धारा ३५ अनुसार मन्त्रिपरिषदमा कार्यकारी अधिकार निहित भएको हुंदा माओवादीसंग वार्ता गरी निष्कर्षमा पुग्ने र त्यस्तो निष्कर्षलाई कार्यान्वन गर्ने सम्पूर्ण वैधानिक आधार, हैसियत र अधिकार श्री ५ को सरकारमा निहित रहेको छ । यस बारे कुनै द्विविधा रहनु आवश्यक छैन ।

६. नेपाल अधिराज्यको सार्वभौमिकता र राष्ट्रिय अखण्डता निरन्तर अविभाजित एवं अक्षुण्ण रहदै आएको छ । मुलुकको सार्वभौमिकता र राष्ट्रिय अखण्डतालाई कुण्ठित तुल्याउने कुनै पनि अवधारणा स्वीकार गर्न सकिन्न । साथै, राष्ट्रिय सुरक्षाको अन्तिम किल्लाको रुपमा रहेको शाही नेपाली सेनाको जिम्मेवारी र कार्यक्षेत्रलाई संकुचित र सीमित तुल्याउन खोज्नु राष्ट्रको बृहत्तर हितको पक्षमा नहुने बास्तविकता समेत छर्लंग छ ।

युद्ध विरामलाई सार्थक रुपमा कायम राख्ने क्रममा युद्ध विरामको अवधिभर शाही नेपाली सेना र विद्रोही पक्षको सेनाको परिचालन र भूमिका कस्तो हुने भन्ने कुरा आचार संहिताले नै सुष्पष्ट रुपमा परिभाषित र मार्गदर्शन गरेको छ । युद्ध विरामलाई व्यवस्थित एवं प्रभावकारी रुपमा कार्यान्वन गर्ने सन्दर्भमा पालना गर्नु पर्ने आधिकारिक दस्तावेज भनेको नै आचार संहिता हो । आचार संहिताको दफा ३ मा "दुवै पक्षबाट सबै प्रकारका हिंसात्मक बल प्रयोगका गतिविधि बन्द गर्ने तथा जनसमुदायमा सन्त्रास फैलने गरी दुवै पक्षबाट सशस्त्र सेनाको परिचालन र प्रयोग नगर्ने" भन्ने एवं दफा ४ मा "दुवै पक्षले संवेदनशील क्षेत्रमा एक अर्कामा

श्री ५ को सरकार
प्रधानमन्त्रीको कार्यालय
शान्तिवार्ता समन्वय सचिवालय
२०६०

उत्तेजित पार्ने खालका गतिविधि नगर्ने" भन्ने उल्लेख भएको छ । सो प्रावधानको भावना नै दुवै पक्षको सेनालाई नियन्त्रित र परिचालन गर्ने आधार र मार्ग दर्शक सिद्धान्त हुनु पर्दछ । सोहि सिद्धान्त र आधार भित्र रही युद्ध विरामको अवधिमा सेनाको भूमिका सम्वन्धी विवादको निराकरण गरिनु पर्दछ भन्ने श्री ५ को सरकारको धारणा रहेको छ । यस बारेमा विगतमा भएका अनौपचारिक छलफलका क्रममा सनेत केही समझदारी भैं सकेको हुंदा सोही समझदारी अनुरुप वा अन्य कुनै वैकल्पिक उपायद्वारा समस्याको निकास खोज्न सकिने विश्वास श्री ५ को सरकारको रहेको छ । जंहा सम्म श्री ५ को सरकारको प्रतिबद्धताको प्रश्न छ, युद्ध विरामको अवधिमा प्रतिरक्षात्मक अवस्थामा बाहेक माओवादीका विरुद्धमा लक्षित सैनिक परिचालन र कार्बाही हुने छैनन् । यही किसिमको प्रतिबद्धता माओवादी पक्षबाट पनि हुनु पर्दछ ।

७. देशको विभिन्न भागहरुमा अझै सुरक्षाको पूर्ण प्रत्याभूति हुन नसकेको यथार्थलाई दृष्टिगत गर्दै जनतालाई पुर्‍याउनु पर्ने अति आवश्यक सुविधाहरु उपलब्ध गराउन शाही नेपाली सेनाको तत्वावधानमा स्वास्थ्य शिविरहरु संचालन भएका हुन । त्यस्ता शिविरहरुबाट आम जनताहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । सुरक्षा स्थितिमा केही सुधार हुने बित्तिकै त्यस्ता सेवा र सुविधाहरु नागरिक प्रशासनको मातहतमा संचालन गर्ने व्यवस्था मिलाईने छ । यस सम्वन्धी नीतिगत घोषणा बजेट मार्फत श्री ५ को सरकारले गरी पनि सकेको छ ।

८. शाही नेपाली सेनाको गौरबमय इतिहास र परम्परा रहेको तथ्य सर्वविदित छ । राज्यको अभिन्न अंगको रुपमा संविधानको प्रावधान बमोजिम श्री ५ को सरकारको नीति निर्देशन अन्तर्गत रही शाही नेपाली सेनाले काम गर्दै आएको छ र भविष्यमा पनि गरी रहने छ । राष्ट्को हीत र स्वाभिमान एवं शाही नेपाली सेनाको गरिमामा आंच पुग्ने खालका कुनै पनि कार्य सेनाबाट कदापि हुने छैन ।

नेपालीको स्वाभिमान र राष्ट्रिय स्वतन्त्रताको रक्षार्थ सदा सक्रृय रहदै आएको शाही नेपाली सेनाले विगत चार दशकदेखि अन्तर्राष्ट्रिय क्षेत्रमा समेत आफनो मर्यादा र गरिमा कायम गरेको छ । सेनाको प्रभावकारिताको अभिबृद्धि एवं आधुनिकीकरणको सन्दर्भमा विगत चालिस बर्षदेखि भारत, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका लगायत विभिन्न मित्र राष्ट्हरुबाट शाही नेपाली सेनाले सैनिक सहयोग प्राप्त गर्दै आएको छ । मित्र राष्ट्हरुबाट प्राप्त सहयोग र सदभावका बावजुद मुलुकले अबलम्बन गर्दै आएको असंलग्न परराष्ट्र नीतिको परिवेशमा नेपालको भूमि कुनै मित्र राष्ट्का विरुद्ध प्रयोग हुन नदिने नीति प्रति श्री ५ को सरकार सदा कटिबद्ध रहदै आएको छ । यो सम्पूर्ण बास्तविकतालाई उपेक्षा गर्दै शाही नेपाली सेनालाई कुनै एक मुलुक विशेषसंग आवद्ध गरी आरोपित गर्ने धृष्टता गर्नु दुर्भाग्यपूर्ण हो ।

श्री ५ को सरकार
प्रधानमन्त्रीको कार्यालय
शान्तिवार्ता समन्वय सचिवालय
२०६०

९. वार्तालाई औपचारिक रुपमा मात्र सीमित नराखि वार्तालाई राजनैतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक रुपान्तरण एवं अग्रगमनको लक्ष्य हासिल गर्ने अवसरको रुपमा प्रयोग गरिनु पर्दछ भन्ने धारणा श्री ५ को सरकारको रहेको छ । यही उदेश्य अनुरुप आगामी वार्तामा राजनैतिक विषयलाई प्राथमिकता दिइनु पर्दछ । माओवादी पक्षवाट प्रस्तुत गरिएको राजनैतिक माग र प्रस्तावका सम्वन्धमा श्री ५ को सरकारको धारणा आगामी वार्ताको टेवुलमा प्रस्तुत गरिने छ । अग्रगामि राजनैतिक निकास खोज्ने कममा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको परिधि भित्र रही सम्पूर्ण नेपालीहरु सहभागि र समाहित हुन सक्ने नया राजनैतिक संभावनाको खोजि गरिनु पर्दछ भन्ने कुरा प्रति श्री ५ को सरकार सचेत रहेको छ ।

१०. चुनाव गराउने सरकारको प्रतिवद्धताले माओवादी पक्षमा केही भ्रम परेझैं देखिन्छ । संविधान बमोजिम खडा भएको सरकारले अवरुद्ध भएको स्थानीय एवं प्रतिनिधि सभाको निर्वाचन गराउने प्रतिवद्धता व्यक्त गर्नु उसको संवैधानिक दायित्व हो । यस दायित्वको निर्वाह गर्दा पहिले माओवादी समस्याको हल खोजिनु पर्दछ भन्ने धरातलीय यथार्थलाई श्री ५ को सरकारले राम्ररी वुझेको छ । वार्ताको माध्यमवाट प्राप्त हुने राजनैतिक निकासले निर्वाचन सम्वन्धि सरकारको निर्णयलाई मार्गदर्शन गर्ने तथ्य स्वतः सिद्ध छ ।

११. मुलुकको सामुन्ने विद्यमान संकट समाधानको निमित्त देशमा रहेका सवै राजनैतिक शक्तिहरुका विचमा न्युनतम सहमति र समझदारी कायम हुनु नितान्त जरुरी छ । शान्ति प्रकृयाको सफलताको निमित्त तथा अग्रगामि राजनैतिक निकासको निमित्त राजनैतिक दलहरुको सकारात्मक भूमिका सदैव अपेक्षित रहन्छ । यस वास्तविकतालाई दृष्टिगत गर्दै राष्ट्रिय सहमतिको वातावरण तयार गर्न वर्तमान सरकार निरन्तर प्रयत्नशील रहने छ । यस कममा आचार संहिताको भावना अनुरुप राजनैतिक दलहरुका गतिविधिहरु देशका विभिन्न भागहरुमा निर्वाध रुपले संचालन गर्न सकिने अवस्थाको सिर्जना गरिनु नितान्त आवश्यक छ ।

१२. राष्ट्रियताको सम्वर्द्धन, संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रको संरक्षण एवं आम जनताको सर्वोपरि हीत प्रति सदा प्रतिवद्ध रहदै मुलुकको राष्ट्रिय सुरक्षा तथा जनताको ज्यान धनको सरक्षाका खातिर निर्वाह गर्नु पर्ने संवैधानिक दायित्वको पालना गर्न श्री ५ को सरकार सदा सजग रहने छ ।

१३. नेपाली जनताको उत्कट चाहनाको विपरित वार्ता भंग भै मुलुकमा पुन हिंसा, हत्या र आतंकको श्रृंखला शुरु हुन गएमा राष्ट्रले ठूलो क्षती व्योहर्नु पर्ने हुन्छ । त्यस्तो अवस्थामा राष्ट्रियता र प्रजातन्त्र माथि समेत गंभीर आघात पुग्न सक्दछ । यो वास्तविकतालाई आत्मसात गर्दै माटो प्रतिको मायालाई केन्द्र विन्दु मानी शान्तिपूर्ण वार्ताको माध्यमवाट चाँडो भन्दा चाँडो समस्याको हल खोज्ने कार्यमा योगदान गर्न श्री ५ को सरकार नेकपा(माओवादी)को ध्यान

आकर्षित गर्दछ । चाँडो वार्ता प्रारम्भ गर्न सके विश्वासको संकट हटी हाल कायम रहेको अन्यौल, अनिश्चितता र तनावपूर्ण स्थिति समेत स्वत: खुकुलो हुँदै जानेछ । विषयको गाभीर्यता र संवेदनशलितालाई दृष्टिगत गरी पत्राचारको माध्यमबाट होईन प्रत्यक्ष वार्ताको प्रकृयालाई अगाडि बढाई समस्याको शिघ्र समाधान खोज्नु उपयुक्त हुने श्री ५ को सरकारको विश्वास छ ।शान्ति प्रकृयालाई अगाडि बढाउने क्रममा कुनै समस्या वा शर्तहरु छन् भने त्यसको निराकरण पनि वार्ताको माध्यमबाट खोज्न सकिन्छ । यस सन्दर्भमा आचार संहिताको दफा नं २० मा "आचार संहिताको व्याख्यामा कुनै विवाद देखा परे दुवै पक्ष बसी समाधान गर्ने" भन्ने व्यवस्था तर्फ श्री ५ को सरकार माओवादीको ध्यान आकर्षित गर्दछ ।

१४. नेकपा(माओवादी) पनि वार्ता मार्फत राजनैतिक निकास निकाल्ने पक्षमा रहेको पत्रमा उल्लेखित अभिव्यक्तिको श्री ५ को सरकार स्वागत गर्दछ । साथै, वार्तालाई युद्ध रणनीतिको दृष्टिकोणबाट होईन शान्तिपूर्ण निकासको अवसरका रुपमा हेर्न आग्रह समेत गर्दछ । विद्यमान संकट समाधानको निमित्त शान्तिपूर्ण वार्ता बाहेक अर्को विकल्प नभएको हुँदा आगामि २०६० साल श्रावण महिना भित्र तेस्रो चरणको औपचारिक वार्ता गर्न श्री ५ को सरकार प्रस्ताव गर्दछ तथा सो प्रयोजनका लागि नेकपा(माओवादी) वार्ता टोलिलाई हार्दिक आमन्त्रण समेत गर्दछ ।

कमल थापा
प्रवक्ता तथा सदस्य
वार्ता टोलि, श्री ५ को सरकार